नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल।
मिति २०७४ भाद्र २

## प्रेस विज्ञप्ति

१. मिति २०७४ श्रावण २७ गते देखि परेको अविरल वर्षाका कारण बाढी, पहिरो र डुवानबाट प्राप्त पछिल्लो विवरण अनुसार १३५ जनाको मृत्यू, ३० वेपत्ता र ४१ घाइते भएका छन् । यसैक्रममा रौतहटमा बेपत्ता भएका मध्ये ५ जना सकुशल घर फर्किएका छन्। बाढी, पहिरो र डुवानबाट प्राप्त प्रारम्भिक विवरण अनुसार ७९,८१२ घरमा पूर्ण रुपमा क्षति पुगेको छ भने १,०४,४२५ घरमा आंशिक रुपमा क्षति भएको छ । प्रभावित जिल्लाहरुबाट घर पूर्ण र आंशिक क्षतिको विवरण आउने क्रम जारी रहेको छ ।यसै गरी बाढी, पहिरो र डुवानबाट भौतिक पूर्वाधार लगायत संरचनाहरुमा भएको क्षतिको विवरण सम्वन्धित मन्त्रालयहरुबाट लिने कार्य भईरहेको छ ।

२. बाढी, पहिरो तथा डुवान प्रभावित क्षेत्रमा राहत वितरण कार्यलाइ तीव्रता दिन राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा,२०७० अनुरुप विषयगत निकायहरुलाई सक्रिय बनाइएको छ । विभिन्न जिल्लाहरुमा भएको क्षतिको मूल्याडकनको सन्दर्भमा विषय क्षेत्रगत विस्तृत लेखाजोखा (Cluster Specific Detailed Assessment –CSDA) फाराममा व्यवस्था भएवमोजिम जिल्लाबाटै मानवीय/भौतिक क्षति मूल्यांकन गरी यथाशीघ्र पठाउन जिल्ला दैवी प्रकोप उद्धार समितिलाई निर्देशन दिइएको छ ।

३. राहत वितरणका क्रममा आज नेपाली सेनाको हेलिकप्टर मार्फत धादिङ्गबाट हिम्दुङ्ग रुवीभ्यालीमा ३ ट्रिप (१२०० के.जी.) राहत सामाग्री ढुवानी गरिएको छ । नेपाली सेनाको एम.आई.१७ हेलिकप्टर मार्फत हेटौंडा र सिमरावाट सर्लाहीको छटौल (सिसौट), छतौनामा ५७७३ के.जी.ड्राइफुड र १० वण्डल सहित २०३ थान त्रिपाल हेलि लिफ्ट गरिएको छ । सर्लाहीको वरहथवावाट ३१०० के.जी. त्रिपाल बलरा प्रहरी चौकीमा हेलिवाट लिफ्ट गरिएको छ ।

४. आजै काठमाण्डौवाट सडक मार्ग हुदै वांके जिल्लाको लागि ३००० थान, क्षेत्रीय आपतकालिन गोदाम घर, पोखरावाट नवलपरासी जिल्लाका लागि ४०० थान, क्षेत्रीय आपतकालिन गोदाम घर इनरुवावाट सुनसरी जिल्लाका लागि ५००० थान, र महोत्तरी जिल्लाका लागि १७०० थान

त्रिपाल पठाइएको छ ।क्षेत्रीय आपतकालिन गोदाम घर हेटौडावाट पर्सा जिल्लाका लागि २००० थान, रौतहट जिल्लाका लागि ११३०० थान त्रिपाल पठाइएको छ ।

५. वाढी, पहिरो र डुवान प्रभावित जिल्लाहरूमा वितरण गरिएको राहत सामाग्रीहरु :-

- त्रिपाल –५३,४,५५
- कम्बल –२२७२,
- मेट्रेस –५९२,
- झुल –२,६४५,
- भाँडाकुडा –१,८०५
- चामल –४,०४६ क्विन्टल,
- पिठो – ५,४१८ केजी.
- दलहन – १०,६३५ केजी,
- च्युरा – ६२,९७९ के.जी

६. नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।४।३१ को बैठकवाट बाढी, पहिरो र डुवानबाट प्रभावित जिल्लाका संकटको अवस्थामा रहेका पीडितहरु एकिन गरी सम्वन्धित जिल्लाका जिल्ला दैवी प्रकोप उद्धार समितिवाट एकिन भएका पिडितहरुलाई खाद्यान्न खरिद गर्नका लागि प्रति व्यक्ति प्रति दिन रु.७०/- का दरले ३० दिनका लागि एकमुष्ट नगदै राहत उपलव्ध गराउने निर्णय भई कार्यन्वयनको लागि यस मन्त्रालयवाट मातहतका निकायमा निर्देशन भई सकेको छ । प्रभावित जिल्लाहरुमा राहत वितरणका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषवाट केन्द्रीय दैवी प्रकोप उद्धार कोषमा १ अर्व रूपैया निकासा प्रास भएको छ ।

७. हालैको बाढी, पहिरो र डुवानबाट प्रभावित व्यक्ति तथा परिवारहरुका लागि राहत वितरण गर्ने सम्बन्धमा गृह मन्त्रालयवाट जारी सूचनाहरुको वारेमा मित्रराष्ट्रहरुका नेपालस्थित कूटनीतिक नियोगहरु, नेपालका विदेशस्थित कूटनीतिक नियोगहरु, संयुक्त राष्ट्रसंघका नेपालस्थित निकायहरु र अन्य सम्वन्धित निकायहरुलाई जानकारी दिन परराष्ट्र मन्त्रालयलाई अनुरोध गरिएको छ ।

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

८. बाढी, पहिरो र डुवानबाट मृत्यु भएका व्यक्तिका परिवार वा आफन्तहरुलाई राहत रकम वितरण कार्य जारी रहेको र घर पूर्ण वा आंशिक रुपमा क्षति भएका परिवारलाई प्रकोप पीडित उद्धार तथा राहत सम्वन्धि मापदण्ड बमोजिमको राहत रकम वितरणको कार्य भई रहेको छ ।

९. आज नै माननीय गृहमन्त्री जनार्दन शर्मा प्रभाकरज्यूवाट हालसम्मको खोज उद्धार एव राहत वितरणको समग्र विवरण तथा सरकारले लिएका नीति र योजनाको बारेमा सञ्चारकर्मीहरुलाई जानकारी गराउनु भएको छ ।

(रामकृष्ण सुवेदी)
प्रवक्ता